# <u>नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो संशोधन जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस संशोधनको नाम "नेपालको संविधान (पहिलो संशोधन), २०७२" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको धारा ४२ मा संशोधन</u>** : नेपालको संविधान (यस पछि "संविधान" भनिएको) को धारा ४२ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राखिएको छ :-

"(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।"

३. **<u>संविधानको धारा ८४ मा संशोधन</u>** : संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) मा रहेका "भूगोल र जनसंख्याको आधारमा" भन्ने शब्दहरुको सट्टा "जनसंख्या र भौगोलिक अनुकुलता तथा विशिष्टताका आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>संविधानको धारा २८६ मा संशोधन</u>** : संविधानको धारा २८६ को,-

(१) उपधारा (५) को सट्टा देहायको उपधारा (५) राखिएको छः-

"(५) निर्वाचन क्षेत्र निर्धारण आयोगबाट यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ८४ को उपधारा (१) को खण्ड (क) को अधीनमा रही प्रतिनिधित्वको लागि जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मानी संघीय कानून बमोजिम प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गरिनेछ र प्रदेशभित्र रहेका प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहनेछन् ।"

(२) उपधारा (६) मा रहेका "निर्वाचन क्षेत्र निर्धारण गर्दा" भन्ने शब्दहरु पछि "जनसंख्या र भौगोलिक अनुकुलता," भन्ने शब्दहरु थपिएका छन् ।

........................

सभामुख

व्यवस्थापिका-संसद